**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्ड: क संख्या: १२ प्रमाणीकरण मितिः २०७६/११/२८

**भाग-१**

**बढैयाताल गाउँपालिका**

**२०७५ सालको निति नं.१२**

# बाल संरक्षण नीति-२०७६

## १. पृष्ठभूमि :

बढैयाताल गाउँपालिका नेपालको ५ नं प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्दछ। नेपालको पुर्व देखि पश्चिमसम्म फैलिएको महेन्द्र राजमार्ग यस गाउँपालिकाको मुख्य रागमार्गको रुपमा रहेको छ ।यस गाउँपालिकामा दक्षिण एसियाकै दोस्रो ठुलो सिमेन्ट उद्योग निर्माणाधिन अवस्थामा रहेको छ । यस गाउँपालिकाको अन्य बिशेषताका रुपमा बढैया ताल, प्राचिन कालिका मन्दिर, दुई मोहना, नागमणि नाथ आदि जसले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने गरेकोछ ।

भौगोलिक हिसाबले ८१०२३'१७" देखि ८१०३३'४९" पुर्वी देशान्तर र २८०४'११" देखि २८०१३'५८" उत्तरी अक्षांशमा अवस्थित बढैयाताल गाउँपालिका प्रदेश नं.५ क्षेत्रको एउटा प्रमुख

धार्मिक, ऐतिहासिक तथा व्यवसायिक औधोगिक क्षेत्र हो । यस गाउँपालिका समुद्री सतहबाट १४३ मिटरदेखि १५७ मिटरसम्मको उचाइमा अवस्थित छ भने ११५.१९ वर्ग कि.मी.क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बाँसगढी नगरपालिका पश्चिमतिर गुलरिया नगरपालिका, दक्षिणमा भारत रहेको छ भने पुर्वमा बाँके जिल्ला रहेको छ . बढैयाताल गाउँपालिकालाई २०७३/११/२७ गते गाउँपालिका घोषणा गरिएको हो . गाउँपालिकाको तापक्रम वि.स. २०७४ मा न्युनतम ७.७ डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ४२.२ डिग्री सेल्सियसका बीच रहेको पाईन्छ .बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिका तथा नगरपालिकाहरुमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रुपमा बढैयाताल गाउँपालिका रहेको छ . यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । घरधुरी सर्वेक्षण २०७४ को तथ्याङ्क अनुसार सबैभन्दा धेरै १९,५७१ अर्थात ३९.२ प्रतिशत तराई जनजाती, दोस्रोमा १३,४५२ अर्थात २६.९ प्रतिशत ब्राह्मण क्षेत्रीहरू, तेस्रोमा पहाडी दलित, चौथो र पाँचौमा क्रमश जनजाती र तराइ अन्य तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा कृषि, व्यापार, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठुलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोत व्यापार, उद्योग, साथै विकल्पमा नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभुत देखि उच्च शिक्षासम्म प्रदान गर्ने निजी र सामूदायिक गरेर ५३ विद्यालय रहेका छन् । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होलि, महाशिवरात्री, माघी, कृष्णजन्माष्टमी, बकरइद,रमजान, छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ .महिला २७५७८ र पुरुष २३८७७ गरी कुल जनसंख्या- ५१०५५ रहेको यस गाउपालिकामा १२०८९ घरधुरी रहेको छ ।

बालबालिकाको अधिकार सुनिश्चित गर्न नेपालको संविधान, २०७२ ले बाल अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गरी धारा ३९ मा बालबालिकाको हक व्यवस्था गरेको छ । बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ तथा नेपाल सरकारको स्थानीय सरकार सञ्चाल ऐन२०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेधित तथा नियमित गर्ने) ऐन २०५६, बालन्याय (कार्यविधि) नियमावली २०६३, आपत्कालिन बालउद्धार कोष ( सञ्चालन) नियमावली २०६७, बालबालिकासम्बन्धी राष्ट्रिय नीति२०६९, बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ जस्ता नीति, नियम र कानुनी व्यवस्था छ । यी व्यवस्थाले बालबालिकाले संरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरिनुपर्ने सम्बन्धमा विविध व्यवस्था गरेका छन् ।

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहार तथा कुनै पनि किसिमको हिंशा,दुर्व्यावहार,शोषण, हेलाबाट उनीहरुलाई जोगाउनु नै बालसंरक्षण हो । अहिलेको सन्दर्भमा कुनै पनि राज्य, समाज वा समुदाय कति सभ्य छ भन्ने केलाउने विभिन्न आधारमध्ये बालबालिकाको संरक्षणप्रति राज्य, समाज र समुदाय कतिको संवेदनशील छ भन्ने पनि रहने गरेको पाइन्छ। जहाँ अभिभावक, चेतनशील समाज र देश संवेदनशील हुन्छ, त्यहाँ बालबालिका प्राय सबै जोखिमबाट सुरक्षित हुन्छन् । बालबालिकामाथि हुन सक्ने हानी अन्तर्गत भेदभाव, दुर्व्यवहार, हिंसा, यौनशोषण, बेचविखन र ओसारपसार,बालविबाह, जस्ता परम्परागत हानिकारक अभ्यासहरु, बेवास्ता/उपेक्षा/हेलचेक्रेयाइँ, अपहरण र अर्थिक शोषण/बालश्रम शोषण आदिमा बालबालिका पर्न सक्छन् र त्यसबाट जोगाउन बाल संरक्षण कार्य गर्नु पर्दछन् । बालसंरक्षण कार्यअन्तर्गत बालबालिकामाथि हुने वा हुन सक्ने हानिहरू एवं उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिक लगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने जोखिमको पहिचान तथा रोकथाम, पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुनर्स्थापना र पीडकलाई कानुनको दायरामा ल्याउने लगायतका कार्यहरू पर्दछन् ।

बालबालिकालाई नकारात्मक अनुभव हुने सबै कारक तत्वहरूबाट जोगाईनुपर्ने हुन्छ । त्यसको लागि उनिहरूलाई मुख्यतः भेदभाव, दुर्व्यवहार, उत्पिडन, हेला, अपमान, गाली, कुटपिट, यातना, यौन तथा श्रम शोषण, जोखिमपूर्ण काम, युद्ध, बेचविखन, ओसार पसार, वेवास्ता, कुलत, लागू पदार्थको दुर्व्यसन आदिबाट जोगाई कानुनी संरक्षण दिलाउनुपर्ने हुन्छ । बालबालिकाको अधिकार प्राप्तिको सन्दर्भमा व्याख्या गर्दा यिनै नकारात्मक कुराहरूदेखि बालबालिकालाई गरिएको संरक्षणलाई मुख्य रुपमा हेरिनु पर्दछ ।

बालबालिकाहरूलाई सबै प्रकारका शोषण तथा दुर्व्यवहारबाट बचाउन तथा संरक्षण दिनका लागि बढैयाताल गाउपालिकाले मार्गदर्शनको रुपमा यो बालसंरक्षण नीतिलाई अनुमोदन तथा स्वीकार गरेको छ । यसले बालबालिका माथि कस्तो व्यवहार गर्ने र बालबालिकाहरूमाथि आउन सक्ने अनुचित व्यवहार भएको सूचना तथा जानकारी पाएमा के कदम चाल्नुपर्दछ भन्ने प्रष्ट मार्गनिर्देशन दिनेछ । आफ्ना आधारभूत अधिकारहरू गुमाउने जोखिममा रहेका बालबालिकाहरूका लागि सुरक्षित र उपयुक्त वातावरणको महत्व र आवश्यकतालाई महसुस गर्दै उनिहरूको अधिकारलाई वर्तमान र भविष्यमा संरक्षण र बचाउ गर्नको लागि योगदान पुऱ्याउने उदेश्य अनुरुप बढैयाताल गाँउपालिकाले यो बाल संरक्षण नीतिको दायराभित्र जुनै पनि समयमा जुनसुकै व्यक्तिलाई ल्याउन सक्दछ ।

## २. बालसंरक्षणको वर्तमान स्थिति

बढैयाताल गाउपालिकामा १०१२१ बालिका र १०१४३ बालक गरी २०२६४ जना १९ वर्ष मुनिका बालबालिका रहेका छन, जुन कुल जनसंख्याको करिव ३९.६ प्रतिशत हुन आउँदछ । ० देखी ४ बर्ष उमेर समुहमा बालक २३०९ बालिका १९९७ ५ देखी ९ बर्ष उमेर समुहमा बालक २४६६ । बालिका २४१० तथा १० देखी १४ बर्ष उमेर समुहमा २९४७ बालक र २८१२ बालिका रहेका छन । यसरी जन्म दरको अवस्था हेर्दा १४ बर्ष मुनिका बालबालिकाको जन्म अवस्था हेर्दा बालिकाभन्दा बालक बढी रहेको र बालकको जन्मने संख्या समेत बढी रहेको छ । बालबालिकाको अधिकार सुनिश्चित गर्ने पहिलो कानुनी आधार नै जन्म दर्ता भएपनि यस गाउपालिकामा ५ बर्ष मुनिका७२.५% बालबालिकाले जन्म दर्ता गराएको भए पनि २८ प्रतिसत बालबालिकाको अझै जन्म दर्ता गराएका छैनन । अभिवावकहरुले जन्म दर्तालाई महत्वका नहेरेको र काम परेपछि मात्र जन्म दर्ता गराउने परिपाटी रहेको पाइन्छ ।

५ बर्ष मुनिका ९७.४ प्रतिशत बालवालिका आमा संग बस्ने भए पनी १.९प्रतिशत आमा नभएको, ०.५ प्रतिशत(८१जना) बालबालिका थाह नभएको र ०.३ (२२ जना)प्रतिशत आमा जिवित नभएको तथ्याङ्क रहेको छ ।

खाद्य प्रयाप्ततालाई हेर्दा आफ्नो जमिन बाट १२ महिना ७२६७ घरधुरीका परिवारलाई मात्रै खान पुग्ने देखिन्छ । ४२ वटा सामुदायिक, ११ वटा संस्थागत गरी ५३ वटा बिद्यालय र ६६ वटा बालविकास केन्द्ररहको यस पालिकामा ५६२० बालिका ५०८५ बालक गरी १०७०५ जना बिद्यालयमा अध्ययनरत रहेका छन भने ४८ जना बिभिन्न कारणले बिद्यालय बाहिर रहेको देखिन्छ ।तर बिद्यालय छोडेर कामको खोजिमा अन्यत्र जाने समेत गरको पाईन्छ ।

१० देखी १९ बर्षको उमेरमा १८३१ जनाले विवाह गरेको, १५ देखी १९ बर्ष समुहमा २२५ जनाले विवाह गरी बच्चा समेत जन्माई सकेको,१४ बर्ष मुनीनै ८३ जनाले बच्चा जन्माएको तथ्याङ्कले बालविवाह हुने गरेको पाइन्छ भने गर्भावस्था र गर्भ पछी गरी पुर्ण खोप नलिनेको संख्या १० प्रतिशत देखिन्छ ।

## ३. बाल संरक्षणका सवाल र चुनौतिहरु

बढैयाताल गाउपालिकाभित्र बाल संरक्षणका मुख्य सवालहरु निम्न रहेका छन् :

- जन्मदर्ता दरमा कमी
- बालश्रम, निकृष्ट प्रकारको श्रम तथा बधुवा श्रम समेत,
- बालबालिका बीच विभेद,
- बालबालिकाको बेचविखन तथा ओसारपसार,
- यौन शोषण र दुर्व्यवहार,
- लागू औषध, दुव्यशनी र कुलतमा फसेका बालबालिका,
- घरेलु हिंसाका पिडित वा साक्षी,
- बाल बिवाह र वाल प्रेम बिवाह,
- अभिभावक बिहिन,संरक्षण विहिन बालबालिका,अनावश्यक रुपमा बालगृहहरुमा राखिनु,सडक बालबालिका
- घर, बिद्यालय, कार्यस्थल, सडक, बालगृह, हिरासत लगायतका स्थानमा हुने शारीरिक, यौनिक तथा मनोबैज्ञानिक हिंसाहरु (शारीरिक, मानसिक दण्ड समेत)
- विभिन्न प्रयोजनका लागि हुने बेचबिखन (श्रम, यौन व्यवसाय, बालगृहमा राख्न, बिदेशमा धर्म सन्तानका रुपमा पठाउन )
- विद्यालय भर्ना, कक्षा टिकाउदर
- पहिचानबाट बञ्चित बालबालिका
- कानूनको बिवादमा परेका बालवालिका
- द्वन्द्वबाट प्रभावित बालबालिकाहरू
- Cyber Crime बाट प्रभावित, पिडित बालबालिका
- हानिकारक परम्परागत अभ्यासहरु

(श्रोत गाउपालिकाको पार्श्वचित्र)

बढैयाताल गाँउपालिकाले विगतका दिनहरुमा बालबालिकाको क्षेत्रमा तय गरेका विभिन्न कार्ययोजनाहरु खास गरी बालबचावट, बाल विकास र बाल सहभागिताको क्षेत्रमा कार्यसम्पादन भएको पाइएता पनि समग्र रुपमा बाल संरक्षणका योजना प्रार्थमिकतामा परेको पाईदैन । बाल संरक्षण कार्यमा समन्वयको अभाव हुनु, उपलब्ध श्रोत र साधनको पर्याप्त र उचित व्यवस्थापन गर्न नसक्नु बाल संरक्षणको क्षेत्रमा देखिएको मुख्य समस्याहरु रहेका छन् भने गरिवी पनि बाल संरक्षणको सवालमा समस्याको रुपमा रहेको छ । हाल भएको राज्य तथा नीतिको पुर्नसंरचनाले पनि बाल संरक्षणको सवालमा अर्को चुनौति थपेको छ ।

बढैयाताल गाउपालिकाको सिमित साधन र श्रोतको अत्याधिक उपयोग गरी बालबालिकाको बाल संरक्षण गर्नु, विद्यमान बालबालिका सम्वन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्नु, बालबालिकालाई विभेद गर्ने, बालबालिकाको विकासमा अवरोध श्रृजना गर्ने, विद्यमान परम्परागत हानीकारक अभ्यासमा सुधार गर्नु आजको अपरिहार्य आवश्यकता रहेको छ ।

गाँउपालिका देखि समुदायसम्म बाल संरक्षणको सवाल प्रति संवेदनशिल बनाई सबैमा उत्तरदायित्व र स्वामित्वको बोध पनि उतिकै आवश्यक रहेको छ । बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको क्षमता अभिबृद्धि गर्नु पनि एक चुनौतिको रुपमा रहेको छ ।

धेरै बालबालिका एकभन्दाबढी समस्याबाट प्रभावित हुने गरेको तर धेरैजसो परियोजना तथा कार्यक्रमले बालसंरक्षणसम्बन्धी एउटा मात्र सवाललाई सम्बोधन गर्ने गरेकाले बालसंरक्षणको समग्र सवाललाई सम्बोधन गर्न नसकिएको अवस्था रहेको छ ।

## ४. विगतका प्रयासहरु :

नेपालको अन्तरिम संविधान,२०६३ , बाल अधिकार सम्वन्धी महासन्धी लगायत बालबालिकाको विकास र बाल अधिकारको लागि तर्जुमा भएका ऐन नियम लगायत बालबालिका सम्वन्धी राष्ट्रिय कार्ययोजना र ३ वर्षे अन्तरिम योजना समेतका आधारमा बाल मैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन विधी, २०६८ नेपाल सरकारबाट स्वीकृत भई उक्त अवधारणलाई स्थानीय निकायमा विस्तार र कार्यान्वयन गर्ने नीति अनुरुप हाल बढैयाताल गाँउ पालिकामा गाभिएका साविकका गा.बि.स.हरुले बाल मैत्री स्थानीय शासन लागू गर्ने” कार्यका लागि पहल गरेको थियो, यसैगरी  बाल अधिकार समिति गठन कार्यबिधी तर्जूमा गर्दै बालबालिकाको अधिकार सुनिश्चित गर्ने कार्य समेतलाई महत्वपूर्ण उपलव्धीका रुपमा लिन सकिन्छ ।

विगत लामो समय देखि हाल यस पालिकामा जोडीएका साविकका गाँउ बिकास समितिहरुले बालअधिकार र बालसंरक्षणको क्षेत्रमा गतिविधिहरुलाई प्रभावकारी रुपमा सम्पन्न

गर्दै आएको थिए । खास गरी बालसंरक्षण अन्तर्गत पनि बालश्रमको क्षेत्रमा बढी मात्रामा कार्यक्रम केन्द्रित गरेको छ । बाल संरक्षणका सवालमा आचारसंहिता जारी गरेको छ, विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी लागू गरेको छ, विद्यालयका शिक्षकहरुलाई बालअधिकार र भयरहित शिक्षण सिकाइका सम्बन्धमा तालिम, अभिमुखीकरण सञ्चालन गरेको छ, सबै बालबालिकाको जन्मदर्ता गराउने, बालक्लबहरुसँगको सहकार्यमा समुदाय स्तरमा सडक नाटक, र्‍याली, घरभेट, अतिरिक्त क्रियाकलापमार्फत जनचेतना अभिवृद्धि गर्ने, बालअधिकारको व्यापक प्रचारप्रासार, बाल क्लव गठन तथा परिचालन गर्ने काम सम्पन्न भएको छ ।

स्थानीय संघसंस्थाहरुसँगको सहकार्यमा बालबालिकासम्बन्धी कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिदै आएको छ । समय समयमा राजनीतिक दलका प्रतिनिधिहरुसँग बालसंरक्षणका विषयमा छलफल, अन्तर्क्रिया गरी बालसंरक्षणलाई उच्च प्राथमिकता दिई सोको सुनिश्चितताका लागि जिम्मेबारी र भूमिकाको किटान गर्ने र व्यवहारमा उतार्ने प्रयासहरु भएका छन् ।

**बढैयाताल गाँउपालिकाले विगतमा गरेका नीतिगत, संस्थागत प्रयास एवम् कार्यक्रमहरु :**

- टोल तथा विद्यालय स्तरीयमा बालक्लबहरुको गठन,
- वडा तथा नगर स्तरीय बालक्लब सञ्जालहरुको गठन,
- बालबालिका, शिक्षक र अभिभावकहरुले पालना गर्नुपर्ने आचारसंहिता निर्माण,
- बाल सहभागीता प्रवर्धन
- बालबालिका लाई बिभिन्न किसमका सहयोग वितरण
- विपद्मा परेका बालबालिकाको संरक्षण
- बिभिन्न निकाय संगको समन्व र सहकार्यमा बाल अधिकार तथा बाल संरक्षणका प्रवर्धनात्मक कार्य ।

## ५. नीतिको आवश्यकता

बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा वौद्धिक विकासमा गम्भीर एवं नकारात्मक असर पार्ने खालका तथा निजमाथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पीडाजन्य कार्य वा व्यवहारबाट जोगाउनु पर्दछ । बालबालिकामाथि हुने सबै खालका दूर्व्यवहार, शोषण, हेला बेवास्ता वा उपेक्षा वा हेलचेक्र्याइँ, हिँसा अनि भेदभावबाट

उनीहरुको संरक्षण गर्नुपर्दछ अर्थात उनीहरु माथि हुने वा हुनसक्ने सबै खालका नियोजित तथा अनियोजित हानी तथा नोक्सानीबाट ऊनीहरुको रक्षा गर्नु बालसंरक्षण हो । तर अहिले पनि विभिन्न बाहानामा बालबालिकाहरु एक ठाउँवाट अर्को ठाउँमा स्थानान्तरण हुन सक्छन् र जोखिममा पर्न सक्छन् । बालबालिकाहरु परिवार तथा समाजवाट अलग हुने, हिंसामा परी सामाजिक सेवाको पहुँचवाट टाढिएका, अभिभावक विहिन तथा संरक्षण विहिन भएका, लागुपदार्थ सेवन तथा कुलतमा फसेका, यौंन दुर्व्यवहारका शिकार भएका, शोषण तथा बेचविखनमा पर्न सक्छन ।

विद्यमान अवस्थामा बाल संरक्षणका सवाल कमजोर रहेको छ भने अर्को तर्फ कानूनको कमजोर कार्यान्वयन र बालन्याय प्रशासन प्रभावहीन रहेको अवस्थामा स्थानीय तहमा बालसंरक्षण संयन्त्रहरुको अहम भूमिका रहेको छ र यसका लागि समुदाय स्तरका संयन्त्रहरुलाई व्यापक परिचालन हुनु जरुरी छ। पालिकामा क्रियाशील संघसंस्थाहरुलाई नेपालले बालसंरक्षणको क्षेत्रमा तय गरेको कार्ययोजना कार्यान्वयनका लागि थप सशक्त र प्रभावकारी बनाउनु आवश्यक छ । सामाजिक रुपमा व्यापक जनचेतनाको विकास र बालबालिकामाथि अपराध गर्नेहरूलाई सामाजिक बहिष्कार र कडा कानूनी कारवाहीको प्रत्याभूति नभएसम्म बालबालिकाले सुरक्षित भएको महसुस गर्न सक्ने अवस्था रहदैन । त्यसैले बालसंरक्षणका क्षेत्रमा गरिएका र गर्नुपर्ने कार्यक्रमहरुलाई निश्चित आकार र दिशा दिन, नगरका सरोकारवालाहरुलाई बालसंरक्षण अभियानमा प्रभावकारी र दीगो रुपमा सहभागिता जुटाउन, बालबालिकामाथि हुने सबै किसिमका बालसंरक्षण सम्बन्धी सवालहरुलाई रोकथाम भइसकेको अवस्थामा छिटो र प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि बालसंरक्षण नीति तयार गरी लागू गर्नुपर्ने आवश्यकता टट्कारो रुपमा देखिएकोछ ।

## ६. दीर्घकालीन लक्ष्य

बढैयाताल गाँउपालिकाका सबै वर्ग र समुदायका बालबालिकाको सरोकारवाल निकाय संगको समन्वय र सहकार्यमा बालअधिकारको संरक्षण र सम्वर्धन गर्न बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गरी बालअधिकारको प्रत्याभूती दिलाउने ।

## ७. प्रमुख उद्देश्य

७.१ बालबालिका माथि हुने विभेद उपेक्षा तथा सबै किसिममा शारीरिक र मानसिक हिंसा, क्षति वा

दुर्व्यवहार, बेचविखन, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट संरक्षण गर्ने ।

७.२. बालबालिका माथि हुने सबै किसिमका विभेद, हिंसा, बञ्चितीकरण, अपहेलना, बाल विवाह, बाल श्रम लगायत हानी पुऱ्याउने सबै अवस्थाको पहिचान र रोकथाम तथा न्यूनीकरणका लागि नीतिगत मार्गनिर्देशन तयार गरी बालबालिकालाई सुरक्षित राख्ने ।

७.३ बालसंरक्षणका क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत सरोकारवालाहरुलाई संस्थागत सुदृढीकरणमा परिचालन गर्ने ।

## ८. नीतिहरुः

**उद्देश्य ७.१ संग सम्वन्धित** *(बालबालिका माथि हुने विभेद तथा सबै किसिमका हिंसा, क्षति वा*

*दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने )*

८ .१ गर्भमानै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगको आधारमा विभेद गर्ने र भ्रुण पहिचान गरी गर्भ पतन गर्ने कार्यलाई अन्त गरिनेछ ।

८.२. बालबालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने एक उपायको रुपमा जन्मदर्तालाई लिईनेछ । बढैयाताल गाउपालिका भित्र जन्मेका वा बेवारिसे अवस्थामा फेला परेका कुनै पनि बालबालिकालाई अनिवार्य रुपमा तुरुन्त जन्मदर्ता गर्ने व्यवस्था मिलाइनेछ । जन्म दर्ता प्रक्रियालाई सरल बनाइनेछ । जन्मदर्ता गर्ने कानुनी प्रावधान, प्रक्रिया तथा जन्म दर्ताको महत्वकोबारे सबै वडाहरु, अन्य सरोकारवाला व्यक्ति, समूह, संस्था तथा सर्वसाधारणलाई सेचतना अभिबृद्धि गर्ने कायर्क्रम सञ्चालन गरिनेछ । विद्यालय भर्ना लगायतका अन्य कार्यक्रममा अनिवार्य जन्मदर्ता प्रमाणपत्रको आवश्यकता पर्ने व्यवस्था गरिनेछ ।

८.३ कुनै पनि सशस्त्र द्वन्द्वमा हुन सक्ने बालबालिकाको प्रयोगलाई निषेधित गरिनेछ। विषेश गरी विद्यालय परिसरमा सशस्त्र द्वन्द्ध लगायतका राजनैतिक क्रियाकलाप निषेध गरिनेछ । द्वन्द्ध प्रभावित बालबालिकाको उद्धार, उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुर्नस्थापनाका लागि आवश्यक व्यवस्था गरिनेछ र तिनीहरुलाई लक्षित गरी राहतका कार्यक्रम संचालन गरिनेछ ।

८ .४ बालबालिकाको यौन शोषण र यौन दुर्व्यव्यवहारलाई गम्भिर अपराधको रुपमा लिइनेछ । इन्टरनेट, इमेल, फेसबुक लगायतमा सामाजिक सञ्जाल, मोबाईल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुर्व्यहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ भने Cyber Crime लाई निरुत्साहित गर्न विभिन्न कार्यक्रम समेत संचालन गरिनेछ ।

८ .५ आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहे बसेका बालबालिकालाई कुनै किसिमको अपहेलना जन्य कार्य गर्न नपाउने व्यवस्था गरिनेछ ।

८ .६ जोखिममा परेका र सिमान्तकृत बालबालिकाको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । जोखिममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुर्नस्थापनाका लागि कोषको व्यवस्था गरी परिचालन गरिनेछ ।

८ .७ बालबालिका उपर हुने सबै प्रकारका शारीरिक र मानसिक दुर्व्यवहारलाई अपराध मानिनेछ । परिवार, शिक्षण सस्था र बालगृहले बालबालिकालाई शरीरिक र मानसिक दुर्व्यवहार गर्न नपाईने व्यवस्था गरिनेछ ।

८ .८ कुनै पनि प्रयोजनका लागि बालबालिकाको ओसार पसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्वन गरिनेछ ।

८ .९ बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, उनीहरुको परिवार तथा समुदायमा पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।

८ .१० बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थालाई परिचालन गरिनेछ। बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही प्रक्रियामा लैजानका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ र बालविवाह रोक्ने कार्यका लागि समुदायमा आधारित संघसंस्थाहरु संग समन्वय गरी कार्यक्रम सञ्चालन गरीने छ । बालविवाह र बाल प्रेम विवाहलाई निरुत्साहित गर्न बालबालिका र अभिभावक दुबै पक्षलाई सचेतीकरण गरिनेछ । समुदायमा रहेका धार्मिक गुरुहरुको, सामाजिक अगुवा समेत सहभागीतामा बालविवाह न्यूनीकरण कार्यमा परिचालन गरिनेछ ।

८ .११ बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न सुन्य सहनसिलता (Zero Tolerance) नीति लिईनेछ। बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइने छ। उद्धार गरिएका बालश्रमिकको

व्यवस्थापनका लागि आवश्यक कदम चालिनेछ साथै निकृष्ट लगायत सबै प्रकारको बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्यक्रम संचालन गरिनेछ। बाल श्रमिक राख्नेलाई घर परिवार तथा उद्योगी व्यवसायीहरुको अभिलेख राखि वडा तथा पालिकाबाट उपलव्ध हुने सेवा र सुविधाबाट वञ्चित गर्ने नीति लिईनेछ।

८.१२ स्वास्थ्य सेवामा एच.आई.भि र एड्स संक्रमित बालबालिकाको पहुँचलाई थप सहज बनाइनेछ । एच आइ भी र एड्सबाट रोकथाम, सुरक्षा उपायहरु, रक्त परीक्षण लगायत एच.आई.भि. र एड्स शिक्षा सम्वन्धमा व्यापक सचेतना अभिवृद्धि गर्ने व्यवस्था गरिनेछ। एच.आई.भि र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाको निमित्त स्वास्थ्य उपचार, पोषण लगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पुर्नस्थापना कार्यक्रम संचालन गरिनेछ । एच.आई.भि र एड्स संक्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलाई गोप्य राख्ने व्यवस्था मिलाईनेछ। आमाबाट शिशुमा एच.आई.भि/एड्स संक्रमण नियन्त्रण सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ।

८.१३ कुनै पनि कारणले आन्तरिक रुपमा विस्थापित भएका बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ । आन्तरिक रुपमा विस्थापित बालबालिकाका लागि आधारभूत सेवा सुविधामा पहुँचको सुनिश्चित व्यवस्था मिलाईने छ।

८.१४ अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ । अपाङ्गता हुन सक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कायर्क्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका बालबालिकाको निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ र शिक्षा स्वास्थ्य जस्ता आधारभूत सेवामा सहज पहुंचको व्यवस्था सुनिश्चित गरिनेछ। अपाङ्गताको प्रकृतिअनुसार आवश्यक सहयोगी समान, उपकरण तथा पुस्तक निःशुल्क रुपमा वा कर छुटमा आयात गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक स्थल तथा भवनहरु, सूचना संचारका अतिरिक्त क्रियाकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भौतिक सुविधारहरु र संयन्त्र विकास गरिनेछ। पूर्ण अशक्त अपाङ्गता भएका बालबालिकाको लागि संरक्षणको थप व्यवस्था गरिनेछ। हाल सञ्चालनमा रहेका विशेष शिक्षा कार्यक्रमलाई सुधार गर्दै समावेसी शिक्षा सञ्चालन गरिनेछ ।

८.१५ बाबु आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र बाबु आमामध्ये एक भएपनि

पालन पोषण गर्न सक्षम नभएका वा परित्यक्त वा वेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गरिनेछ। बालबालिकाको आफ्नै आमा, बाबु वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रवर्द्धन गर्न पारिवारिक सहयोग (स्पोन्सरसिप), बैकल्पिक हेरचाह, व्यवसायिक तालिम, जिविकोपार्जन , पालनपोषण भत्ता जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

८ .१६ बालगृह मार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा मात्र प्रवर्द्धन गरिनेछ र मौजुदा बालगृह संचालनको न्यूनतम मापदण्डलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

८ .१७ गाउपालिका र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरु मार्फत परित्यक्त र वेवारिसे बालबालिकाको बाबुआमा वा परिवारको खोजी गरिनेछ। बाबुआमा वा परिवार भेटिएमा परिवारमा नै राखी हेरचाह गर्ने उपाय अवलम्वन गरिनेछ।

८ .१८ संरक्षण विहिन बालबालिकाको अभिलेख दुरुस्त राखिने व्यवस्था मिलाइनेछ। यस्ता बालबालिकाको अवस्था पहिचान, आवस्यकता अनुसार उद्दार एवं पुर्नस्थापना गर्ने कायर्क्रम सञ्चालन गरिनेछ । यसका लागि पारिवारिक सहयोग मनोसामाजिक परामर्श लगायत कायर्क्रम सञ्चालन गरिनेछ।

८ .१९ परम्परागत हानीकारक अभ्यासहरु विरुद्ध प्रचार प्रशार गरिनेछ। परम्परागत हानीकारक अभ्यासहरुमा संलग्न गराइएका बालबालिकालाई उद्धार गरी, पारिवारिक पुनर्स्थापनाको व्यवस्था गरिनेछ।

८ .२० पारिवारिक वातावरणबाट स्थायी वा अस्थायी रुपमा वञ्चित भएका बालबालिका वा त्यहाँ तिनीहरुको सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रुपमा मात्र बालबालिकालाई संरक्षणमा दिईने व्यवस्था मिलाईनेछ।

८ .२१ हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकालाई बाल हेल्पलाईन १०९८ मा राखी बाबुआमा वा परिवार खोज्ने, परिवारमा पुर्न एकीकरण र पुनर्स्थापना गर्नका लागि १०९८ र १०४ लाई थप प्रभावकारी बनाईनेछ।

८.२२ सार्वजनिक स्थलमा वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउने सुरक्षित मापदण्डहरु निर्धारण गरी कायान्र्वयन गरिनेछ ।

८.२३ लागू औषध र अन्य दुर्व्यवहारमा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि नीजि क्षेत्रसंग समन्वय गरी समन्वय, उपचारात्मक मनोविमर्श तथा अन्य सहयोग कार्यक्रम संचालन गरिनेछ। बालबालिकालाई धुम्रपान, मद्यपान विक्री वितरणमा

निरुत्साहित गरिनेछ ।

८.२४ अपाङ्ग, अनाथ, सडक बालबालिका, सुविधाबाट बञ्चित, द्वन्द्व प्रभावित/ आन्तरिक रुपमा विस्थापित, बेच बिखन- ओसार पसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा संरक्षकसँग रहेका, अल्पसंख्यक, दलित र गरिब बालबालिका समेतको अधिकार संरक्षणका लागि सेवामा उनीहरुको पुहँच सुनिश्चित हुने कार्यक्रम संचालन गरिनेछ ।

८.२५ बेवारिसे रुपमा फेला परेका बालबालिकाहरु, तीनका आमा–बुबा,वा अभिभावक वा संरक्षककर्ताको व्यवस्था गरिनेछ ।

उद्देश्य ७.२ संग सम्वन्धित *(७.२. बालबालिका माथि हुने विभेद, हिंसा, बञ्चितीकरण, अपहेलना, बाल बिवाह, बाल श्रम लगायत हानी पुर्‍याउने सबै अवस्थाको पहिचान, रोकथामका लागि नीतिगत मार्गनिर्देशन तयार गरी बालबालिकालाई सुरक्षित राख्ने ।)*

८ .२६ बालबालिकालाई घरमा, विद्यालयमा, कुनै संस्थामा काम गर्ने ठाँउमा वा समुदायमा सबै प्रकारका विभेद, हिंसा, वञ्चितीकरण, अपहेलना, बाल श्रम लगायत हानी पुर्‍याउने सबै अवस्थाको पहिचान, रोकथामका लागि विषेश नीति लिई कार्यक्रम संचालन गरिने छ ।

उद्देश्य ७.३ संग सम्वन्धित (*७.३ बालसंरक्षणका क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत सरोकारवालाहरुलाई बालसंरक्षणको क्षेत्रमा कार्य गर्नका लागि संस्थागत सुदृढीकरणमा सहयोग गर्ने । )*

८.२७. बालबालिकाको निम्ति क्रियाशील सरकारी तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैर सरकारी सघ सस्थाहरुलाई अनिवार्य रुपमा बाल संरक्षण योजना बनाई सो अनुसार काम गर्न लगाइनेछ र सोको अनुगमन गरिनेछ ।

८.२८. बालसंरक्षणका क्षेत्रमा कार्यरत नगरस्तरीय, जिल्लास्तरीय तथा प्रादेशिक क्षेत्रभित्र कार्यरत सरकारी निकायहरु तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी डालेकोष (Basket Fund) खडा गरी थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८.२९.सेवाप्रदायक, बालबालिका र जिम्मेबार निकायहरुसमेत सबैमा बालसंरक्षण सम्बन्धमा संवेदनशीलता र जवाफदेहिताको विकास गरिनेछ ।

८.३० गाँउपालिका क्षेत्रभित्रका सम्पूर्ण गाउवासीहरुलाई लक्षित गरी यस क्षेत्रमा क्रियाशिल संस्थाहरु, बालमैत्री स्थानीय शासन समिति,बाल अधिकार समिति, वडा बालअधिकार समिति, टोल संगठन, लगायत स्थानीय स्तरका बालसंरक्षण संयन्त्रहरुको क्षमता अभिवृद्धि गरी जवाफदेहिता विकास गरिनेछ ।

८.३१. संस्थागत, सार्वजनिक, सामुदायिक विद्यालयहरुमा शिक्षक तथा व्यवस्थापन पक्षबाट बालबालिकालाई शारीरिक तथा मानसिक सजाय नदिइने वातावरण सृजना गर्नका लागि शिक्षा महाशाखा, प्याबसन, एनप्याब्सन, विद्यालयहरुसँग प्रभावकारी समन्वय गरिनेछ ।

८.३२. घर परिवार, विद्यालय, सार्वजनिक स्थल तथा समुदायमा बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार अपहेलना गर्न नपाउने व्यवस्थाको सुनिश्चितका लागि बालबालिकाको संरक्षणका लागि उनीहरुको निकट सम्पर्कमा रहने घर परिवार, समुदायका सदस्य, शिक्षक, स्वास्थ्यकर्मी, सामाजिक कार्यकर्ता, प्रहरी आदिको क्षमता अभिवृद्धि गरिनेछ ।

८.३३. राजनैतिक दल तथा ट्रेड युनियनको समन्वयमा राजनैतिक प्रयोजनाका लागि बालबालिकालाई प्रयोग नगर्नका लागि अभिप्रेरित गरिनेछ ।

८.३४. गाउपालिकाको बाल अधिकार समितिलाई बालसंरक्षण सिफारिस प्रणालीको आधारविन्दुको रुपमा विकसित गरी थप प्रभावकारी बनाइनेछ ।

८.३५. समुदायमा आधारित बालसंरक्षणलाई प्राथमिकता दिई विद्यमान संयन्त्रहरुको क्षमता विकास गरी परिचालन गरिनेछ ।

८.३६ बालसंरक्षणका क्षेत्रमा वडा स्तरीय कार्ययोजना बनाई वडा समितिमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

८.३७. बालबालिकसँग सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका सरोकारवाल अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग मिलेर काम गरिनेछ ।

८.३८.सेवा प्रदायक, बालबालिका र जिम्वेवार निकायहरु समेत सबैका बाल अधिकार र संरक्षणका सम्वन्धमा संवेदनशिलता र जवाफदेहिताको विकास गरिनेछ ।

८.३९.आपतकालिन अवस्था (प्रकृतिक प्रकोप तथा मानव सृजित प्रकोप)लाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणलाई पहिलो प्राथमिकतामा राखी पूर्व तयारी सहितको विपद् प्रतिकार्य योजना तयार गरी आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।

८.४०..बाल संरक्षणका सवालहरुलाई आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरिनेछ । गा.पा.को वार्षिक कायक्रम र बजेट विनियोजनमा बाल संरक्षण

सम्वन्धी कार्यक्रमलाई प्रार्थमिकता दिईनेछ । बाल संरक्षणको सवाललाई प्रभावकारी रुपमा सम्वोधन गर्न न्यायिक समिति लगायत सम्वन्धित सरकारी निकायलाई स्पष्ट जिम्वेवारीको व्यवस्था गरिनेछ ।

८.४१.सबै सरोकारवालाहरुबाट अनुसूची १ अनुसारको बालसंरक्षण आचारसंहिता कार्यान्वयन गरिनेछ ।

## ९. रणनीतिहरु :

बढैयाताल गाउपालिकाले बालसंरक्षण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि देहायबमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ ।

९.१. बढैयाताल गाउपालिकाले बालमैत्री स्थानीय शासनले आत्मसात गरेको बालमैत्री पालिकाको रुपमा स्थापित गर्न बालमैत्री स्थानीय शासन २०६८ का साथै स्थानीय सरकार संचालन ऐन २०७४ को मर्म र भावना अनुसार बालमैत्री घर, टोल, बालमैत्री विद्यालय, बालमैत्री बाल सरोकारवाल निकायहरु ( स्वास्थ्य संस्था, स्थानिय तह, प्रहरी, प्रशासन, संचार माध्यम, गैसस तथा विभागिय महाशाखाहरु, टोल तथा वडा कार्यालयहरु आदि) लाई बालमैत्री घोषणा गरी बालमैत्री पालिका घोषणा गर्ने ।

९.२. बाल संरक्षणका लागि बहस, पैरबी र वकालत एवं चेतना अभिबृद्धिमा जोड ।

९.३. वडा तथा गाउपालिका स्तरमा गठन गर्नु पर्ने बाल सरोकारवाला संरचनाको गठन तथा गठन भएका बालसरोकारवाला निकायहरु तथा संस्थाहरुको क्षमता विकास, परिचालन तथा क्रियाशिलतामा जोड दिदै बाल संरक्षण प्रणालीलाई संस्थागत गर्दै जाने ।

९.४. बालबालिकासँग सम्वन्धित सेवाको प्रभावकारिताका लागि जवाफदेहिता र पारदर्शिता ।

९.५. कार्यक्रमको प्रभावकारिता र गुणस्तरका लागि दक्ष जनशक्तिको सूची तयार गरी परिचालन गर्ने ।

९.६. स्थानीय स्रोतको पहिचान तथा उच्चतम परिचालन ।

९.७. बालसंरक्षण सम्बन्धी कानूनहरुको प्रचारप्रसार र कार्यान्वयनमा जोड ।

९.८. बाल अधिकारको स्थिति विश्लेषण, योजना तर्जुमा र लगानीको सुनिश्चितता ।

९.९. स्थानिय स्तरमा आचारसंहिता तथा नीति निर्माण र कार्यान्वयन ।

९.१०. बाल संरक्षणका लागि बालबालिकाको सशक्तीकरण र अर्थपूर्ण सहभागिता ।

९.११. अधिकार, कतर्व्य र जवाफदेहिताको प्रवर्द्धन ।

९.१२. बालसंरक्षण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकायहरुसँग नियमित समन्वय र सहकार्य ।

९.१३. संस्थागत विकास, क्षमता अभिवृद्धि , सामुदायिक परिचालन ।

९.१४. सामाजिक समावेशीकरण ।

९.१५. सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन ।

९.१६. सूचना व्यवस्थापन गर्न बालअधिकार समिति र  सूचना शाखाको क्षमता विकास ।

९.१७. नतिजामुखी एकीकृत योजना तयारी ।

९.१८. बालसंरक्षण नीतिलाई बालसंरक्षणको आधारको रुपमा विकास गर्ने ।

९.१९. सिफारिस प्रणालीको विकास तथा कृयाशिल गराउने र घटना ब्यवस्थापन प्रकृयाको अवलम्वन गर्ने,

९.२०.बालकोष गठन र परिचालन ।

९.२१.बालक्लव, बालक्लव संञ्जाल गठन तथा परिचालन ।

९.२२. विद्यालय शान्तिक्षेत्र घोषणा निर्देशिका २०६८, कार्यान्वयन तथा पूर्ण पालना ।

९.२३.बढैयाताल गाउपालिकाका नेतृत्वमा प्रभावकारी अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन संयन्त्र बनाई अनुगमन, सुपरीवेक्षण र मूल्यांकन गर्ने ।

## १०. मुख्य मुख्य कार्यक्रमहरु :

- गर्भमा नै बालबालिकाको लिंग पहिचान गरी लिंगको आधारमा विभेद गर्ने र गर्भपतन गर्ने प्रचलनलाई अन्त गर्नका लागि व्यापक प्रचारात्मक अभियान संचालन  ।
- जन्म दर्ता सम्वन्धि सचेतना अभियान संचालन (टोलविकास, लैङ्गिक हिंसा निगरानी समूह, आमा समूह, स्वयम सेविका, बालक्लव) तथा तथा ३५ दिनभित्र जन्मदर्ता गराउने अभिभावकलाई प्रशंसा तथा सम्मान गर्ने ।
- जन्मदर्ता कम भएका क्षेत्रको पहिचान/तथ्याङक संकलन र जन्म दर्ता अभियान ।
- बाल विवाह रोकथाम तथा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम ( टोलविकास, लैङ्गि**क** हिंसा निगरानी समूह, आमा समूह, स्वयम सेविका ,बालक्लव) का साथै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श, पुर्नस्थापना तथा टेवामूलक आय आर्जन कार्यक्रम ।
- बाल विवाह विरुद्धमा प्रचार प्रसार (रेडियो, टिभि, पत्रपत्रिका)  ।
- बैवाहिक कार्यक्रम हुने धार्मिक तथा सार्वजनिक स्थलहरुमा बाल विवाह निषेधित अभियान संचालन तथा रोकथामका लागि धामी, झाक्री, पुरोहित, पण्डित,बडधर,

गुरुवा, लामा, पादरी आदिलाई चेतनामूलक तालिम संचालन तथा घटनाको पहिचान तथा पैरवी अभियान सञ्चालन ।

- निकृष्ट प्रकारको बाल श्रममा रहेका बालबालिकाको उद्धार र पुनस्थापना कार्यक्रम ( अस्थायी बालगृह संचालन मार्फत पारिवारिक पुर्नएकीकरण) ।
- निकृष्ट प्रकारको बाल श्रममा रहेका बाल बालिको स्थिति विवरण संकलन, अद्यावधिक तथा प्रचार/प्रसार (कानुनी प्रावधान र सजाय) ।
- निकृष्ट प्रकारको बाल श्रममा रहेका बालबालिकाको क्षमता अभिवृद्धि/तालिम बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा सम्वन्धी सूचना व्यास्थापन (Software, Online) ।
- बालश्रममुक्त टोल तथा वडा घोषणा ।
- पालिका भित्र ब्यावसाय दर्ता गर्दा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता तथा नवीकरण गर्दा बाल श्रम नरहेको भनी सिफारिस प्राप्त भए मात्र नवीकरण गर्ने प्रचलन स्थापित गर्ने र गाउपालिकाले कुनै पनि सम्झौता गर्दा बालश्रम प्रयोग गर्न नपाईने भनी अनिबार्य सर्त उल्लेख गर्नु पर्ने ब्यवस्था अवलम्वन गर्ने ।
- किशोरी जीवनोपयोगी सीप/तालिम/आयआर्जन कार्य सञ्चालन ।
- सडक, अपाङ्गता भएका एवं विषेश संरक्षणको आवश्यक रहेका बालबालिकाको पहिचान, उद्धार, सामाजिकीकरण तथा पुर्नस्थापनाका लागि आवाधिक तथा आवश्यकता अनुसार दिर्घकालिन गृहको स्थापना, संचालन एवं पारिवारिक सहयोग कार्यक्रम ।
- हिंसा, शोषण, दुर्व्यवहार, वेचविखन न्यूनीकरणका लागि घर, परिवार विद्यालय तथा समुदायमा सचेतनामूलक अभियान संचालन ।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा परिचालन र बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन ।
- शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन ।
- बाल बालिकालाई लागू पदार्थ तथा कूलत बाट संरक्षण सम्बन्धी अभियान, दुर्व्यसनबाट पिडित बालबालिकाको उपचार परामर्श तथा पुर्नस्थापना कार्यक्रम ।
- घरपरिवार र समुदायबाट बालबालिकाविरुद्धहुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कमगर्ने सम्वन्धमा क्षमता अभिबृद्धि/तालिम ।

- हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार, सडक तथा श्रमिक बालबालिकाको उद्धारका लागि उद्धार समिति गठन, क्षमता विकास कार्यक्रम ।
- हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्नेका लागि सचेतना कार्यक्रम संञ्चालन (लैङ्गिक हिंसा निगरानी समूह,सहकारी, टोल सुधार, बाल क्लब, आमा समूह,जनप्रतिनिधिहरु का लागि समेत )
- कुनै पनि हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहारमा परेका तथा श्रम र सडकमा रहेका बालबालिकाको संरक्षणका लागि पुर्नस्थापना केन्द्र संचालन ।
- बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली गठन, क्षमता विकास, संचालन तथा व्यवस्थापना ।
- बाल बिज्याईमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुर्नस्थापना तथा बालमैत्री न्यायिक संरचना सुदृढीकरण कार्यक्रम ।
- भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान ।
- बाल हेल्पलाइन र बालबालिका खोजतलास केन्द्र संचालन सहयोग ।
- बाल यौन हिंसा शोषण तथा दूर्व्यवहारका साथै साइबर क्राइम तथा आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धमा सचेतना अभियान, घटना व्यवस्थापन, वहस, पैरवी ।
- अपाङ्ग बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामग्री वितरण, छात्रवृति तथा संरक्षण कार्यक्रम ।
- समुदायमा आधारित संयन्त्रहरु बालक्लब, बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम, आमा समूह आदिलाई क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरु ।
- बालसंरक्षणका लागि बालकोषको स्थापना ।
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सूचीकृत गर्ने,सेवा मापन गर्ने तथा आवस्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
- बालमैत्री योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

- सफारिस संयन्त्र विकास,बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।
- बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।
- बार्षिक रुपमा बालकालिकाको स्थितिपत्र प्रकाशन गर्ने
- घटना व्यवस्थापन प्रकियालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने
- बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने,
- बालक्लव तथा बाल संञ्जाल गठन, दर्ता तथा परिचालन
- बाल अधिकार हननका घटना अनुगमन तथा कार्वाहिका लागि सिफारिस
- अल्पकालिन आश्रय स्थल संञ्चालन, बालगृह अनुगमन नियमन तथा कार्वाही र सिफारिस
- बैकल्पिक स्याहरका लागि सिफारिस,आपतकालिन उद्धार तथा संरक्षकत्व प्रदान,
- बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने,

## ११. संस्थागत व्यवस्था र क्षमता विकास

बालबालिकाको जन्म दर्ता गर्न स्थानीय पञ्जिकाधिकारिको क्षमता विकास गरी सक्रियता बृद्धि गरिनेछ । जन्म दर्ता गर्न र परिवार विहिन, परित्यक्त र वेवारिसे बालबालिकाको अभिलेख राख्ने कार्यका लागि संस्थागत क्षमता विकास गरिनेछ ।

संरक्षण विहिन बालबालिकाको उद्धार, पुनर्स्थापना र सामाजिकीकरणका लागि संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाउन बनाउदै लगिनेछ ।

गाउपालिकाले वडा तहमा बाल अधिकारको विषयमा प्रभावकारी सुपरीवेक्षण र समन्वय गर्ने र बाल अधिकार संरक्षण सम्बन्धी क्रियाकलापको समन्वय गर्ने निकायका रुपमा सुदृढ गरिनेछ ।

बाल न्यायसँग सम्वद्ध पालिका भित्रका प्रहरीकार्यालय र सरोकारवाल निकायलाई साधन सम्पन्न बनाई क्षमता विकास गरिनेछ ।

समुदाय तहसम्म बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय, सहकार्य तथा पैरवी गर्न सम्बन्धित विषयका गाउपालिकामा काम गर्ने कर्मचारी विकासका साझेदार

निकायहरु र बाल क्लव वा बालबालिकाको संघसंस्थाका प्रतिनिधिहरुको संयुक्त सञ्जाल विकास गरिनेछ ।

यस बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न विषयगत क्षेत्र, स्थानीय संघ संस्था विकासका साझेदार र नागरिक समाजसँग आवश्यक सहकार्य गरिनेछ ।

बाल संरक्षणमा कार्य गर्ने नियकारहरु तथा संस्थाहरुको मानवीय र भौतिक रुपले साधन सम्पन्न बनाई क्षमता अभिबृद्धि गरिनेछ ।

गाउपालिकामा बालमैत्री कक्ष निर्माण गरि प्रविधि र पूर्वाधार युक्त बनाइनेछ र संघसंस्थामा सूचना सञ्जालको निर्माण गरिनेछ ।

बालबिवाहलाई निरुत्साहित गर्न बालक्लब, बालसंरक्षण समिति, स्थानीय स्तरमा रहेका बालसंरक्षण संयन्त्रलाई बालबिवाह बिरुद्ध आ-आफ्नो ठाउँबाट कानुन कार्यान्वयनका लागि वकालत गर्ने संस्थाको रुपमा विकास गरिनेछ ।

बालबालिकाको खोजतलास तथा अन्य परमर्श र सहयोगका लागि बालहेल्पलाईनहरु १०९८, र १०४ लाई क्रियाशील गराईने छ ।

गाउपालिकामा बाल अधिकार समिति तथा वडा बालअधिकार समिति लगाएतका संयन्त्रहरुलाई क्रियाशील गराइनेछ । कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ । गाउपालिकाको बालअधिकार समितिलाई बालसंरक्षण सिफारिस प्रणालीको आधार बिन्दुको रुपमा विकसित गरी सरोकारवाला निकायसँगको सहकार्यमा थप प्रभावकारी बनाइनेछ ।

## १३. उजुरी तथा गुनासो सम्वन्धी ब्यवस्था

कुनै संस्था, व्यक्ति वा निकायले यस बाल संरक्षण नीति विपरितको कार्य गरेमा, बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा, बाल संरक्षण नीति विपरितको कार्य गरेमा पिडितका तर्फबाट पिडित स्वयं वा निजको तर्फबाट जुन सुकै ब्यक्ति वा निकायले बाल अधिकार समितिमा उजुरी गर्न सक्नेछ । यसरी परेको उजुरी माथी बालअधिकार समितिले छानविन गरी आवस्यक कार्वाही अघाडी बढाउने छ ।

## १४. अनुगमन र मूल्याङ्कन

गाँउपालिकाले बालसंरक्षण नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि गाउपालिकाको प्रमुखको संयोजकत्वमा, बालअधिकारकर्मी, सामाजिक कार्यकर्ता, गैरसरकारी संस्थाको प्रतिनिधि, कानूनविद्, मनोसामाजिक विशेषज्ञ सहित बाल अधिकार समितिकबाट तोकिएको व्यक्ति फोकल पर्सन सदस्य सचिव रहने गरी अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ । उक्त समितिले आफ्नो कार्यबिधि आफैं तय गर्नेछ । अनुगमन तथा मूल्याङ्कनमा समितिको प्राप्त सुझाव सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ ।

**१५. सजायः**

कुनै संस्था, व्यक्ति समुह वा निकायले यस बाल संरक्षण नीति विपरितको कार्य गरेमा, बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा संघीय कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

**१६. नीतिको प्रचार प्रसार तथा कार्यान्वयन**

बढैयाताल गाउपालिकाले बालसंरक्षण नीति पारित गरे पश्चात पालिकाका प्रत्येक वडाहरु, समुदाय र घरघरसम्म यसका बारेमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिने छ। त्यस्तै संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम् स्थानीय गैससबाट सञ्चालन गरिने कार्यक्रमबीच समन्वय गरी बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिने छ । आवश्यकता अनुसार बालसंरक्षण सम्बन्धी विषयवस्तुमा ध्यान दिनको लागि गाँउपालिकाको महिला तथा बालबालिका हेर्ने शाखा प्रमुखलाई जिम्वेवारी तोकी नीतिको कार्यान्वयनमा जोड दिइनेछ। गाउपालिकाको प्रत्येक वडाहरुका कार्यक्रममा बालसंरक्षण सम्बन्धी गतिविधिहरु थप्न र विस्तार गर्नका लागि सहजीकरण गरिने छ ।

गाउपालिकाभित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकाय वा संस्थाहरुबीच कार्यगत क्षमता अभिबृद्धि गर्नको लागि सञ्जाल विकास गरिनेछ। सरकारी निकायहरु विषेशत जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, अन्य स्थानीय तहहरुसँगका साथै उपभोक्ता समूहहरु र विकासका साझेदारहरुबीच कार्यक्रमको प्रकृतिअनुसार सहकार्य तथा समन्वयात्मक कार्यशैली अवलम्बन थप सहयोग लिईनेछ । आवश्यक मात्रामा बालसंरक्षणका सवालमा थप ध्यान दिनको लागि समितिहरुको गठन गरी कार्यक्रममा समन्वय गरिनेछ र कार्यान्वयनमा जोड दिइनेछ।

**१७. नीतिको पुनरावलोकन र सुधार**

बढैयाताल गाँउपालिकाबाट जारी गरिएको यस बालसंरक्षण नीतिलाई थपघट गर्नूपरेमा आवश्यकता अनुसार तर प्रत्येक २ वर्षमा अनिवार्य नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रुपमा मूल्याङ्कन गरी नीतिमा समयसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

***

अनुसुची १

बाल अधिकारको प्रत्याभुति तथा बालसंरक्षणको सवालमा हामीले तयार गरेको बालमैत्री आचारसंहिता

## १. अभिभावकहरुले पालना गर्नु पर्ने आचारसंहिता

- बालबालिकालाई समय तालिका अनुसार पढ्ने, लेख्ने, सुत्ने र मनोरञ्जन गर्ने वातावरण सिर्जना गर्ने छौ, बालबालिकाका लागि पढाई कुना बनाउने छौ र हरेक अभिभावकले कम्तिमा १० मी. समय दिनेछौ ।
- बालबालिकालाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने छौं ।
- बालबालिकाको चौतर्फी विकासमा सहयोग पुग्ने बालक्लब एवम् बालबालिका आवद्ध बैठकमा सहभागिता गराउने छौ ।
- प्रत्येक घरमा बालबालिकामैत्री शौचालय र अन्य भौतिक पूर्वाधार निर्माण गर्ने र गर्न लगाउने छौ।
- बालबालिकालाई बालबालिका संग सरोकार राख्ने घरायसी निर्णय प्रक्रियामा सहभागी गराई आफ्नो कुरा निर्धक्कसँग भन्ने वातावरण सिर्जना गर्ने छौ।
- नियमित खोप लगाउनुका साथै पोषणयुक्त सन्तुलित भोजन आफ्ना नानीहरुलाई खुवाउने छौ।
- बालबालिकालाई बालअधिकार र बालकर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने छौ।
- बालबालिकालाई दुर्व्यवहार, अपहरण जस्ता कार्यहरुबाट बचाउनका लागि सदैव चनाखो रहने छौ।
- बालबालिकाको स्वास्थ्यमा ध्यान दिंदै नियमित सरसफाई गराउन छौ।
- बालबालिकाको जन्मदर्ता समयमै गराउने छौ ।
- सार्वजनिक स्थानमा निर्णय हुने बाटो, पोखरी, खेलमैदान, पार्क निर्माण गर्दा बालमैत्री बनाउन पहल गर्ने छौ।
- बिद्यालयले आमन्त्रण गरेको बिद्यालय तथा बालबालिकाको कार्यक्रममा अनिवार्य र सकृय उपस्तिथी जनाउने छौ ।
- बालबालिकालाई पिट्ने वा शारीरिकरूपमा आक्रमण वा शारीरिक दुर्व्यवहार गर्ने छैनौं ।
- कुनै पनि प्रकारको यौन दूर्व्यवहारमा संलग्न हुने बातावरण ऋजना गर्ने छैनौं ।

- कुनै पनि बालबालिकालाई बालश्रमिकको रुपमा प्रयोग गर्ने गराउने छैनौं ।
- बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न गराउने छैनौं ।
- बालबालिकासंग कुनै पनि प्रकारले शोषणजन्य वा दुर्व्यवहार ठहर हुन सक्ने कुनै पनि कार्य गर्ने छैनौं ।
- कुनै पनि प्रकारले दुर्व्यवहार ठहर हुन सक्ने खालको कुनै क्रियाकलाप वा वच्चालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप गर्ने छैनौं ।
- अनुपयुक्त, नसुहाउने वा दुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाव वा सल्लाह दिने छैनौं ।
- अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको व्यवहार गर्ने छैनौ ।
- बालबालिकाको कुनै पनि गैरकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने छैनौं ।
- बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउँने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार गर्ने खालका कुनै पनि क्रियाकलाप गर्ने छैनौं ।
- कुनै पनि बालबालिकाप्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरीको कुनै खास बालबालिकालाई बढी सहयोग गर्ने छैनौ ।
- अरूभन्दा टाढा बालबालिकासंग अनावश्यकरूपमा धेरै समय बिताउने छैनौ ।
- बालबालिकाहरुलाई अश्लील वा उग्र हिंसा भएका अनुचित दृश्य, फिल्म र वेबसाईट देखाउने छैनौ ।

## २. बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता

- उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने छौ।
- नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जाने छौ।
- आफूले नबुझेको, नजानेको कुरा शिक्षक र अभिभावकलाई सोध्ने, पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने छौ।
- पोषिलो खानेकुरा खाने र अरु बालबालिकालाई पनि खान र अभिभावकले दिन प्रेरित गर्ने छौ।
- बालविवाह, बालयौन दुर्व्यवहार र बालश्रमको बारेमा थाहा पाएसम्मका घटना सम्बन्धित निकायमा जानकारी दिने छौ।
- विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने छौ।
- शौचालयमा दिसापिसाव गर्नुका साथै साबुन पानीले हात धुने बानी बसाल्ने छौ।
- जन्मदर्ता नभएका र खोप नलाएका बालबालिकालाई सम्बन्धित सेवा लिन छौ ।
- बालक्लबहरुमा सक्रिय सहभागिता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव गर्ने छैनौ।

- विपन्न र अपाङ्गता भएका बालबकालिकासँग हातेमालो गर्दै राम्रो व्यवहार गर्ने छौ ।
- धुम्रपान, सूर्तिजन्य र मादक पदार्थको प्रयोग तथा खरिद विक्रीमा संलग्न हुने छैनौ।
- बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने र हुन दिने छैनौ।
- अपरिचित व्यक्तिको ललाई फकाई र प्रलोभनमा नफस्ने, आवश्यक परेको खण्डमा अभिभावकसँग अनुमति लिएर मात्र बाहिर निस्कने छैनौ।

## ३. संस्थागत निकायले पालना गर्नु पर्ने आचारसंहिता

- बालबालिकालाई लागू पदार्थ तथा लागू पदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्ने छौ।
- बालबालिकामाथि गरिने हिंसा, दुर्व्यवहार, शोषण रोक्न व्यवहारमा लागू गर्ने र सचेतना फैलाउने छौ।
- बाल अधिकार र बाल संरक्षण नीति नियम गरिम्भरताका साथ पालना गर्ने छौ।
- बालबालिकालाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने तथा बिद्यालयमा बिद्यार्थिको टिकाउका लागी बिशेष पहल गर्नेछौ।
- बालक्लबको आवश्यकता र महत्वबारे बुझाउने, बालक्लब गठन र परिचालनमा सहयोग गर्ने छौ।
- बालबालिकाका सरोकार राख्ने कार्यक्रममा अर्थपूर्ण बालसहभागिताको सुनिश्चितता गर्ने छौ।
- पूर्णखोप र सुरक्षित मातृत्वसम्बन्धी समेत बालवालिकालाई चेतना फैलाउने छौ।
- बालबालिकालाई हिंसा, यातना, दुर्व्यवहार, शोषण जस्ता अमानवीय कार्यबाट बचाउन बालसंरक्षण नीति कडाइका साथ कार्यान्वयनमा ल्याउने छौ।
- अनिवार्य जन्म दर्ता गराउन आग्रह गर्ने छौ।
- निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौ।
- बालमैत्री वातावरण निर्माणका लागि पहल गर्ने छौ।
- ○ बालबालिकालाई जाति, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद गर्ने छैनौ।

## कुनै पनि निकायका पदाधिकारीहरुले

- ○ बालबालिका संग कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौनसम्पर्क राख्ने छैनौ र बालबालिकासंग कुनै पनि प्रकारले शोषणजन्य वा दुर्व्यवहार ठहर हुन सक्ने कुनै पनि सम्बन्ध राख्ने छैनौ ।
- ○ कुनै पनि प्रकारले दुर्व्यवहार ठहर हुन सक्ने खालको कुनै क्रियाकलाप वा वच्चालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप गर्ने छैनौ र सो खालका कार्यक्रम संञ्चालनको अनुमती दिनेछैनौ ।
- ○ अनुपयुक्त, नसुहाउने वा दुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाव वा सल्लाह दिने छैनौ ।
- ○ अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्ने छैनौ ।

- बालबालिकाको कुनै पनि गैरकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने छैनौ ।
- बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउँने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार गर्ने खालका  कुनै पनि क्रियाकलाप गर्ने छैनौ ।
- कुनै पनि बालबालिकाप्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरीको कुनै खास बालबालिकालाई बढी सहयोग गर्ने छैनौ ।
- अरूभन्दा टाढा बालबालिकासंग अनावश्यकरूपमा धेरै समय बिताउने छैनौ ।
- बालबालिकाहरुलाई अश्लील वा उग्रहिंसा भएका अनुचित दृश्य, फिल्म र वेबसाईट देखाउने जस्ता कार्य गर्ने छैनौं ।

...........................

**(प्रमाणिकरण गर्ने )**

**नाम :- श्री लाल बहादुर श्रेष्ठ**

**पद :- अध्यक्ष**

**बढैयाताल गाउँपालिका कार्यालय,**

**मैनापोखर ( बर्दिया )**

**५ नं. प्रदेश, नेपाल**